"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

### ३२ औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको शुभकामना सन्देश

"United in action to rescue and achieve the SDGs for, with and by persons with disabilities" दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धताः अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्व सहितको ऐक्यबद्धता" भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको अपाङ्गता भएका व्यक्तिहरुको ३२ औं अन्तराष्ट्रिय दिवसका अवसरमा अपाङ्गता भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानले न्याय र समानतामा आधारित सामाजिक आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरुलाई बिकासको मूलप्रवाहमा समावेश गरी आत्मनिर्भर बनाउनु राज्यको प्रमुख दायित्व हो । नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रर्वद्धनका साथै संयुक्त राष्ट्र संघिय अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धिमा उल्लेखित अधिकारहरुको सुनिश्चितताका लागि राज्यका सबै तहहरु थप संवेदनशिल बनेर कार्यान्वयन तहमा जानु पर्दछ भन्ने मलाई लागेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीमा पहुँच, अपाङ्गतामैत्री कानुन, बिशेष सामाजिक सुरक्षा, पुनःस्थापन, भेदभावबाट मुक्ति, निर्णय प्रक्रियामा सहभागिता जस्ता विषयहरुलाई आत्मसात् गरी श्रोत र साधनहरुको आवश्यक प्रबन्ध गर्दै क्रमशः कार्यान्वयनमा लैजान सकेमा समतामूलक समाज निर्माण गर्न सकिने विश्वास लिएको छु । अपाङ्गता भएका व्यक्तिहको दैनिक जीवन सहज तुल्याउन अपाङ्गतामैत्री संरचना तथा सूचना प्रविधिको विकास गर्नुपर्ने खाँचो रहेको महसुस गरेको छु ।

अन्तमा, महालक्ष्मी नगरापालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको सेवासुविधा तथा उनीहरुको समग्र हितका निम्ति सिङ्गो नगरपालिका प्रतिबद्ध रहेको कुरा जानकारी गराउदै यस क्षेत्रसंग सम्बद्ध सबैमा थप क्रियाशिल भई कार्य गर्ने प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

२०८० मंसिर १७ गते आइतबार ।

लक्ष्मी महर्जन
नगर उप-प्रमुख
महालक्ष्मी नगरपालिका

नगर उप-प्रमुख
लक्ष्मी महर्जन

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np